# मानव अधिकार अवधारणा र मल्लकालीन कानुनी संहिता

**रोशनकुमार झा**[1]

**इमेल :** lawyerroshankumarjha@gmail.com

Jha, R. K. (2026). मानव अधिकार अवधारणा र मल्लकालीन कानुनी संहिता. *Sambahak: Human Rights Journal*, *26*(1), 111–130. https://doi.org/10.3126/sambahak.v26i1.96286

**सार-सङ्क्षेप**

*मानव अधिकार नेपालको मौलिक प्राचीन अवधारणा हो। नेपालको कानुनी इतिहाससम्बन्धी सूक्ष्म अध्ययनले मध्यकालदेखि नै यस माटोमा मौलिक मानव अधिकारसम्बन्धी परम्परा अस्तित्वमा रहेका तथ्य सिम्रौनगढ तथा नेपालमण्डलको प्राचीनतम् अभिलेखले पुष्टी गर्दछ। ८८० ईसापूर्वईसापूर्व (९३७ वि.सं.) (नेपाल संवतको सुरुवात र मल्ल वंशको उदय) देखि १७६८ ईसापूर्वईसापूर्व (१८२५ वि.सं.) (राजा पृथ्वीनारायण शाहद्वारा काठमाडौं उपत्यकाको विजय) सम्मको अवधिलाई मध्ययुगीन काल मानिन्छ जुन नेपालको कानुनी संहिताकरणको कोणबाट स्वर्णकाल मानिन्छ। नेपालको कानुनी र न्यायिक क्षेत्रको इतिहासमा सबैभन्दा महत्त्वपूर्ण युग शक्तिशाली राजा स्थिति मल्ल (जयस्थिति) र रानी राजल्ला देवी (१३६६-१३९५ ई.) (१४२३-१४५२ .वि.सं.) को शासनकाललाई मानिन्छ। राजा जयस्थिति मल्लले न्याय प्रशासनको लागि १४३६ ईसापूर्वईसापूर्व (१३८० वि.सं.) मा वा यसै सेरोफेरोमा एक कानुनी संहिता जारी गरेका थिए, जसलाई मानव न्यायशास्त्र पनि भनिन्छ। प्राविधिक शब्द संरचनाको कारण बुझ्न कठीन भएकाले, मणिक मिश्रले स्थितिराज मल्लको महामात्य जयत वर्माका लागि न्यायविकासिनी तयार गर्न लगाएका थिए। न्यायविकासिनीलाई लुन्तभद्र बज्राचार्यले १४३६ वि.सं. (१३८० ईसापूर्व) मा प्रतिलिपि उतार गरेको पाइएको हुनाले, यो संहिता १४३६ बि.स (१३८० ईसापूर्व) मा वा त्यसभन्दा केही समयअगाडि तयार पारिएको नेपालको पहिलो संहिताबद्ध कानुनका रूपमा रहेको मानव न्यायशास्त्रमा पाइने मानव अधिकारसम्बन्धी आधारभूत मौलिक सिद्धान्तहरूका बारेमा अन्वेषण गर्ने उद्देश्यका साथ तयार गरिएको छ।*

***प्रमुख शब्दकुञ्जीहरू:***
न्यायशास्त्र, मानव अधिकार, मल्लकालीन इतिहास, कर्तव्य

[1] शाखा अधिकृत, सर्वोच्च अदालत

## १. विषय प्रवेश

नेपाल विश्वको पुरानो मानव अधिकारसम्बन्धी इतिहास भएको मुलुकमध्येको एक हो (Vaidya, 1994)। नेपालको मौलिक मानव अधिकारसम्बन्धी अवधारणा हिन्दू विधिशास्त्रमा आधारित रहे भएको भए पनि आधुनिक मानव अधिकारसम्बन्धी अवधारणा र कानुनमा अन्तर्राष्ट्रिय प्रभाव विशेष रूपमा देख्न सकिन्छ। नेपालमा हाल *कमन ल* को न्याय प्रणाली विद्यमान रहेको छ (Dhungel et.al., 1998)। हिन्दु धार्मिक प्रणाली खास गरी वेदलगायतका धार्मिक शास्त्रहरूमा आधारित रहेको छ (Sangraula, 2010)। यो इशापूर्व चार हजारदेखि एक हजारको बीचमा विकास भएको हो। यसले श्रूति, स्मृति आदि ग्रन्थहरूका आधारमा न्याय प्रणाली निर्देशित गर्दथ्यो (Jha, 2081)।

विश्व जगतमा, मानव अधिकारको सम्मान र यसको अनुपालनबाट मात्र आणविक हतियार, हिंसा, आतंकवाद, यातना आदि जस्ता समस्याबाट छुट्कारा पाउन सकिने कुराको सुनिश्चितता अन्तर्राष्ट्रिय कानुनमा गरिएको छ। यो एक त्यस्तो अस्त्र हो, जसले वर्तमान विश्व सभ्यतालाई विनाशबाट बचाउन सक्छ। मानव अधिकारको सम्मान र यसको अनुपालनले मात्र मानव सभ्यतालाई युद्ध र विनाशबाट जोगाउन सक्छ।

संयुक्त राष्ट्रसङ्घको स्थापना हुनुभन्दा अघि पनि मानव अधिकार मौलिक स्वररूपमा नेपाली समाजमा अस्तित्वमा रहेको थियो। प्रथम विश्वयुद्धअघि पनि, केही पश्चिमा विद्वानहरूले मानव अधिकारलाई पौरस्त्य दर्शनको उपज रहेकोबारे मत जाहेर गरेका थिए। यी विद्वानहरूले जीवनको अधिकार, स्वतन्त्रता, धर्मको स्वतन्त्रता र विवेकको स्वतन्त्रता आदिलाई पौरस्त्य सभ्य समाजको देनबारे उल्लेख गरेका थिए।

हेरोल्ड लास्कीका अनुसार, *"अधिकारहरू मानव जीवनका यस्ता अवस्थाहरू हुन् जसको अभावमा व्यक्तिले आफ्नो व्यक्तित्व पूर्ण रूपमा विकास गर्न सक्दैन। मानव अधिकारहरू ती अधिकारहरू हुन्, जुन मानवले आफ्नो मानवीय स्वभावको कारणले प्राप्त गर्नुपर्दछ। ती अधिकारहरू व्यक्तित्वको विकासका लागि आवश्यक छन्। "*

पूर्वमध्यकालमा मानव अधिकार भन्ने शब्दावली प्रत्यक्ष रूपमा प्रयोग भएको पाइँदैन तर राष्ट्रिय अभिलेखालयमा सङ्ग्रहित त्यस समयका धार्मिक, दार्शनिक र सामाजिक ग्रन्थहरूमा उल्लेख भएका मूल्य, सिद्धान्त र आचारसंहिताले मानव अधिकारसँग सम्बन्धित आधारभूत विचारलाई प्रतिविम्बित गरेको देख्न सकिन्छ। मल्लकालमा "धर्म", "ऋत" (सार्वभौम सत्य/प्राकृतिक नियम) र "समानता जस्ता धारणालाई मानव अधिकारको मूल बीजतत्त्वको रूपमा लिन सकिन्छ।

## २. किरातकालीन मानव अधिकार

नेपालमा कानुनी शासन व्यवस्था किराँतकालबाट सुरू भएको देखिन्छ। किरातकालमा किरात दर्शन तथा मानव अधिकारको महत्त्वपूर्ण रक्षा कवचको रूपमा मुन्धुम रहेको थियो। मुन्धुम किराँतहरूको धर्मग्रन्थ पनि हो। मुन्धुमअन्तर्गत धुङसब र पेसप पर्दथे। धुङसब वेदमा आधारित रहेको थियो (Chemjong, 2003)। खास गरी जन्म, मृत्यु, विवाह, सम्पत्ति आदि विषयमा नियमहरू बनाइएका हुन्थे।चोरी, डकैती, हत्या आदिलाई अपराध ठानिन्थ्यो। यस्ता अपराधमा संलग्न व्यक्तिलाई कसूरको मात्राको आधारमा सजाय गर्ने प्रचलन रहेको थियो। यसकालमा भेदभाव र छुवाछुतरहित अन्तर्जातीय विवाहले समेत मान्यता पाएको थियो।

यस दर्शनमा समावेश नियमहरू कार्यान्वयन गर्न, एक सक्षम व्यक्ति छनोट गरिन्थ्यो, जसलाई मुखिया भनिन्थ्यो। राजालाई न्यायको मूल स्रोतको रूपमा मानिन्थ्यो र राजाले न्यायिक शक्ति प्रत्यायोजित गरेका व्यक्तिहरूले स्वतन्त्र र निष्पक्ष रूपमा आफ्नो काम गर्नुपर्दथ्यो।

किरातकालमा कुथेर, शुल्ली, लिग्वल र माप्चोक गरी चार वटा विभिन्न क्षेत्र हेर्ने न्यायाधिकरणहरू थिए। किरातकालमा जनतालाई अन्तिम न्याय दिने निकाय राजा हुन्थे। राजाले कानुन बनाउने र कानुन कार्यान्वयन गर्ने अधिकार निश्चित व्यक्तिलाई प्रत्यायोजित गरेको हुन्थ्यो। सम्बन्धित त्यस्ता व्यक्तिले मानवअधिकार र नैतिक कानुनको कसीमा रहेर न्याय निरूपण गर्नुपर्दथ्यो।

## ३. लिच्छविकालीन मानव अधिकार

लिच्छविहरू नेपाल प्रवेश गर्नुअघि बिहार राज्यको गङ्गा नदीको उत्तरतर्फ पर्ने वैशाली जिल्ला (हाल बसाढ़ नजिक) मा गणतन्त्रात्मक राज्य शासन सञ्चालन गरेका थिए। पछि राजतन्त्रात्मक शक्तिहरूको दमन बढ्न थालेपछि, किरातीहरूको शासन रहेको समयमा शाक्य, मल्ल, वृज्जि तथा लिच्छवि समुदायका ब्यक्तिहरू शरणार्थीको रूपमा नेपाल उपत्यकामा प्रवेश गरेको अभिलेख भेटिन्छ (Shah, 1990)। त्यसपछि कालान्तरमा उनीहरूले किरातीहरूको स्थान लिएर शासनसत्तामा आफ्नो प्रभुत्व स्थापित गरेका थिए। किराती र पछि आएका लिच्छविहरूको जीवनशैली, संस्कार र संस्कृतिमा ठुलो भिन्नता रहेको थियो। यही भिन्नताका कारण लिच्छविहरूले नेतृत्व गर्दै किरातीहरूमाथि विद्रोह गरी शासनसत्ता आफ्नो नियन्त्रणमा लिएको मानिन्छ।

लिच्छविकालमा मानव अधिकारलाई अत्यन्त महत्त्वपूर्ण र संवेदनशील मान्ने गरिएको तथ्य मानव अधिकार सूचक शब्दहरू जस्तै राजाहरूलाई नृप, महाराजाधिराज, भट्टारक महाराजाधिराज आदि उपाधिबाट विभूषित गरिएबाट पुष्टी हुन्छ। राज्य प्रशासन सञ्चालन गर्न दरबारमा पूर्वाधिकरण, पश्चिमाधिकरण, भट्टाधिकरण र विष्टि गरी चार अड्डा स्थापना गरिएको थियो। केन्द्रमा बस्ने

जनतालाई पौर र प्रान्तमा बस्ने जनतालाई जनपद भनिन्थ्यो। जिल्लामा भन्सार तथा सुरक्षा व्यवस्थापनका लागि शौलिक र गोल्मिकजस्ता अधिकारी नियुक्त हुने गर्दथे। गाउँस्तरका विवाद समाधान गर्न पञ्चाली गठन गरिन्थ्यो र ग्रामीण क्षेत्र ग्राम, तल र द्रंग गरी तीन भागमा विभाजित थियो। गाउँमा राजाको प्रतिनिधिका रूपमा प्रतिहार नियुक्त हुने अभ्यास रहेको थियो। यस अभ्यासले जनमैत्री, मानवमैत्री र समष्टिगत रूपमा मानव अधिकारको सवालमा यी एकाइहरू तात्कालीन समाजमा अत्यन्तै उपयोगी रहेको हुन सक्ने अनुमान गर्न सकिन्छ।

निग्लहवामा रहेको अशोक स्तम्भले लिच्छविकालमा संस्कृत र पालिभाषा प्रयोग भएको तथा लेखनमा ब्राह्मी लिपि प्रयोग गरिएको सर्वविदितै छ। चिनियाँ यात्री हु-एन-साङको विवरणअनुसार राजपरिवार शिक्षित भए पनि सामान्य जनता प्रायः अशिक्षित थिए। शैक्षिक संस्थालाई “अग्रहार” नामक करमुक्त व्यवस्था प्रदान गरिएको थियो। शिक्षालाई कर मुक्त गर्ने व्यवस्थाले आधुनिक मानव अधिकारको एक बलियो औजारका रूपमा शिक्षालाई सर्वाङगीण रूपमा विस्तार गर्न खोजेको बुझ्न कठीन छैन।

लिच्छविकालीन अभिलेखमा उल्लेख भएका किरात देवान भाषाअन्तर्गत केही शब्दहरू जस्तै कुपासी (खोपासी), शङ्गा (साँगा), चङ्गु=उचाइ (चाँगु), तेङखु= बस्ति (टेकु), खोप्रिङ (भक्तपुर), तेस्तुङ (टिस्टुङ) आदि नामवाचक शब्दहरू किरात शब्दहरू हुन सक्ने र लिच्छविकालका केही प्रशासनिक एकाइहरू मापचोक, कुथेर=रचन, शुल्ली=सजाय र लिङग्वलजस्ता जातीय तथा मानव सूचक शब्दहरूले किरातकालीन प्रशासनिक अस्तित्वलाई बोध गराउँछ (खनाल, वि.सं. २०४०)।

लिच्छविकालमा व्यवस्थापकीय भूमिकामा रहेको अन्तराशन (राज्यसभा) पनि मानव अधिकार प्रति एकदम सजग रहेको तथ्य, कानुन  निर्माण तथा राजालाई परामर्श दिने वैधानिक व्यवस्थाले पुष्टी गर्दछ। स्थानीय प्रशासन ग्राम, तल र द्रंगजस्ता एकाइमा विभाजित थियो, जसको नेतृत्व प्रधानले गर्दथे र पञ्चालीले प्रशासनिक तथा केही स्थानीय नियम निर्माण गर्दथे, जसलाई आधुनिक मानव अधिकारको दृष्टिकोणबाट अत्यन्तै महत्त्वपूर्ण मान्न सकिन्छ।

कार्यपालिकाको प्रमुख राजा थिए र राजा शक्तिको उन्मादले स्वेच्छाचारी र निरङ्कुश एवं मानव अधिकारप्रति असंवेदनशील हुन सक्ने कुराको अनुमान गरी राजाले अनिवार्य रूपमा महाअमात्य (प्रधानमन्त्री), अमात्य (मन्त्री), दण्डनायक (प्रहरी प्रमुख), महाबलाध्यक्ष (सेना प्रमुख) र महाप्रतिकार (निजी सचिव) परामर्शमा शासन व्यवस्था चलाउनुपर्ने व्यवस्था गरिएको थियो।  गाउँमा राजस्व उठाउने र विवाद मिलाउने काम द्वारेहरूले गर्थे भने जिल्लामा विषयपति राजप्रतिनिधि हुने गर्दथे।

यसलाई मानव अधिकारको अत्यन्तै महत्त्वपूर्ण पक्ष सीमित सरकार (Limited Government) को कोणबाट पनि सबल व्यवस्था मान्न सकिन्छ।

न्याय व्यवस्थाविनाको मानव अधिकारको परिकल्पना पनि गर्न सकिँदैन। लिच्छविकालमा न्याय व्यवस्थाका लागि कुथेर, माप्चोक, लिङ्वल र शुल्ली/शोल्लजस्ता अदालतहरूको प्रबन्ध गरिएको थियो। कुथेरले राजस्व तथा जग्गासम्बन्धी मुद्दा, माप्चोकले विवाह तथा सम्पत्तिसम्बन्धी मुद्दा, शुल्ली/शोल्लले चोरी, हत्या, परस्त्रीगमन, राजद्रोहजस्ता कसूरमा न्याय निरूपण गर्ने गर्दथ्यो । दोषीलाई वाकदण्ड, धिकदण्ड, धनदण्ड, अङ्गछेदन र सर्वस्वहरणजस्ता सजाय दिइन्थ्यो। सजायको प्रकार जेजस्तो भए पनि सजाय दिँदा न्यूनतम मानवीय मूल्यको ख्याल गर्दै कमभन्दा कम पीडा हुने विधिको अधिकत्तम ख्याल गरिने गरेको तथ्य मल्लकालमा अभ्यासमा रहेको कोटिलिङ्ग र इटाचपलीबाट सम्पादित एवं न्याय निरुपित पुराना अभिलेखबाट पुष्टी हुन्छ।

ग्रामपञ्चालीको निर्णयउपर चित्त नबुझेमा वा पञ्चाली स्वयले निर्णय दिन नसकेमा सिधै राजाको दरबारमा उजूर गर्न पाइन्थ्यो । सो मुद्दा प्रतिहारले पहिले दर्ता गरी परमाशन (दरबारको इजलास) मा राजासमक्ष जाहेर गर्दथ्यो। दर्ता भएको एक महिनासम्म राम्रोसँग अध्ययन गरी धर्मशास्त्रअनुसार न्याय दिने गर्दथे। त्यसबेलाको जघन्य पञ्च अपराधभित्र चोरी गर्नु, ज्यान मार्नु, जारी गर्नु, राजद्रोह र यी कसूरका मतियारलाई जनाइन्थ्यो र कडा सजाय गरिन्थ्यो । परिवारको एक सदस्यले अपराध गरे पूरै परिवारलाई सजाय दिइन्थ्यो। यो व्यवस्था भने आधुनिक मानव अधिकारको दृष्टिकोणबाट कठोर र अमानवीय  रहेको थियो। दण्ड गर्दा अपराधीको प्रकृति प्रथमपटक भए वाग्दण्ड (हप्काउनु), दोस्रो पटक भए धिग्दण्ड (बेइज्जत गर्नु) र तेस्रो पटकलाई धनदण्ड (जरिवाना) र चौथो पटक भए वध (मृत्यु) दण्ड दिइन्थ्यो (दाहाल,२०५६)। यस व्यवस्थालाई भने वैदिकीय मानव अधिकारको दृष्टिकोणबाट तात्कालीन परिप्रेक्ष्यमा तुलनात्मक रूपमा बढी वैज्ञानिक रहेको मान्न सकिन्छ।

कतिपयले लिच्छविकाललाई सामाजिक रूपमा चार वर्ण र १८ जातको व्यवस्था भएको कारण मानव अधिकारप्रति असहिष्णु थियो कि भन्ने सन्देह गर्दछन् तर तात्कालीन अवस्थामा आज समाजमा विद्यमान रहेको जस्तो जातीय संरचना विल्कुलै थिएन। क्षमता र कर्मका आधारमा क्षेत्रीहरू शासक वर्गमा दरिएका थिए, वैश्यहरू व्यापार तथा कृषि गर्थे, शूद्रलाई सफाइको काम सुम्पिएको थियो, जसलाई चाण्डल भनिन्थ्यो र ब्राम्हणहरू समाजलाई दिशा निर्दिष्ट र सत्मार्गमा हिड्न प्रेरित गर्नुका साथै दैविक अनुष्ठानलगायत जप, तप र ध्यानमा केन्द्रित रहने भाइचारामा आधारित पारस्परिक परम्परामा विवन्धित रहेको थियो। व्यापारिक अगुवालाई सार्थबाह र सामान्य व्यापारीलाई वणिक भनिन्थ्यो। लिच्छविहरूको नेपाल प्रवेशसँगै नेपाल उपत्यकाको सामाजिक समीकरण र रीतिथितिमा

गम्भीर र प्रत्यक्षानुभूत हुने खालका समस्याहरू देखापरेको कारण समाजलाई सुव्यवस्थित, गतिशील र सुरक्षा प्रयोजनार्थ लिच्छविकालीन समाजलाई चार वर्ण र १८ जातमा विभक्त गरिएको थियो ।

लिच्छवि राजा अंशुवर्माको हनुमानढोका अभिलेखमा किरात शब्दसमेत देख्न सकिन्छ। यसबाट किरातकाल, लामो समयसम्म थियो र उनीहरूले दिव्य परीक्षालाई पनि न्याय निरूपणका आधारको रूपमा प्रस्तुत गरेको सहजै बुझ्न सकिन्छ (वज्राचार्य, २०३०) । दिव्य परीक्षालाई प्रचलित मानव अधिकार सिद्धान्तविरुद्धको प्रयोग भनेर पश्चिमा विद्वानहरूले बदनाम गराएको जस्तो दिव्य परीक्षा प्रचलनमा थिएन। वास्तवमा प्रत्यक्ष प्रमाणको अभाव र पुर्पक्ष गर्ने कुनै आधार नभएको खण्डमा मात्र विकल्पको रूपमा प्रयोग गर्ने अभ्यासका रूपमा दिव्य परीक्षा रहेको थियो।

माथि उल्लिखित तथ्यहरूले लिच्छवी राजाहरू मौलिक शासन व्यवस्थामा आधारित न्याय प्रणाली, दण्ड प्रणाली र शिक्षा पद्धति अवलम्बन गरेका थिए भन्ने सजिलै बुझ्न सकिन्छ। तत्कालीन समयमा न्यायको उद्देश्य सामाजिक अनुशासन, जनताको सुख, शान्ति र मानव अधिकार कायम राख्नु थियो (खनाल, वि.स २०५०)।

यस प्रकार लिच्छविकालमा न्याय प्रक्रियाको लागि छुट्टाछुट्टै मानव अधिकारमैत्री न्यायिकसहित अन्य प्रशासनिक निकायहरू गठन भएको अनुभूत गर्न सकिन्छ। लिच्छवीकालमा न्याय स्वतन्त्र निकायद्वारा गरिनुपर्दछ भन्ने अवधारणालाई समेत व्यवहारमा ल्याइएको थियो। अतः लिच्छविकालमा मानव अधिकारको जग खडा भएको थियो भनेर भन्न सकिन्छ ।

मानव अधिकार रक्षार्थ सवालमा लिच्छविकालीन राजा अंशुवर्माको अग्रणी स्थान रहेको थियो । उनले पहिलो पटक “महाराजधिराज” उपाधि धारण गरी वि.सं. ६६२ देखि ६७८ सम्म १६ वर्षको छोटो शासनकालमा पनि कालजयी काम गरेका थिए। उनी बुद्धिमान, साहसी र दूरदर्शी शासक तथा साहित्य, कला, वास्तुकला र मानव अधिकारका संरक्षक थिए। उनले निर्माण गरेको कैलाशकूट भवन सातौं शताब्दीको प्रसिद्ध दरबार थियो, जसका अवशेष काठमाडौंको हाँडिगाउँमा रहेको विश्वास गरिन्छ।

### *मल्लकालीन मानव न्यायशास्त्रको रोहमा मानव अधिकार*

अंशुवर्मा पछि नरेन्द्रदेवलाई भारतीय रजौटाहरूले समर्थन सहयोग गरी राज्यारुढ गराएका थिए । नरेन्द्रपछि गुप्त वंशका शासनले गर्दा सम्पूर्ण राज्य स-साना राज्य रजौटामा विभाजित भएको थियो। यी सम्पूर्ण घटना ईसापूर्वका हुन् । उता कर्नाटक तथा बङ्गालमा चालुक्य वंशका सेनहरूको राज्य थियो । नान्यदेव चालुक्य वंशका राजाको सेनापतिको रूपमा रहेका थिए, जसले सन् १०९७ मा तिरहुतलाई स्वतन्त्र राज्य घोषणा गरी सिम्रोनगढलाई राजधानी बनाएका थिए। तिरहुत राज्य पूर्वमा

महानन्दा नदी (पश्चिम बङ्गाल), दक्षिणमा गङ्गा, पश्चिममा गण्डकी र उत्तरमा हिमालयसम्म रहेको उल्लेख गरिएको छ (Sinha, १९७९) । दोलखा, मूर्तिया र राजग्राम क्षेत्रबाट परवर्ती कर्णाटहरूको मूर्ति अभिलेखको क्रम १४९१ इ. सम्म प्राप्त हुन्छ (खनाल, २०३१)। तिरहुत सिम्रौनगढ केन्द्रित शासन भने कम्तिमा १०९७ ई. देखि १३२४/२७ ई. सम्म कर्णाट राजवंशको शासन चलेको थियो। यस वंशको शासनको पतन १३२४/२७ ईस्वीताका दिल्लीका सम्राट गयासुद्दीन तुगलकको आक्रमणबाट भएको थियो। गयासुद्दीन तुगलकद्वारा तिरहुत राज्यउपर आक्रमणपश्चात् नान्यदेवका पनाति हरि सिंहदेवको सपरिवार भक्तपुरको राजआश्रयमा शरणागत भए र यिनकी श्रीमती देवलदेवी (देवलक्ष्मी) ले तिरहुतका जयस्थिति मल्ललाई गयासुद्धिनको आक्रमणबाट ध्वस्त सिम्रौनगढ राज्यअन्तर्गतबाट डोलाजीको रूपमा भक्तपुरमा ल्याइ ज्वाइँ बनाइ नयाँ मल्लवंशको शासनको सूत्रपात गराएकी थिइन् (Sharma, २०१६)। उनै राजा जयस्थिति मल्ललाई महत्त्वपूर्ण सामाजिक र कानुनी सुधारहरू लागू गर्ने श्रेय दिइएको पाइन्छ (रेग्मी, २०२३)।

राजा स्थितिराज मल्ल (जयस्थिति) र रानी राजल्ला देवी (१४२३-१४५२ वि.सं.) (१३६६-१३९५ ई.) को शासनकालमा, स्मृति र शास्त्रहरू परस्पर विरोधी थिए र व्यवहारमा भिन्नताहरू थिए, त्यसैले मानवन्यायशास्त्र नामक ग्रन्थ संहिताकरण गर्न लगाइएको थियो। उनले वि.सं. १४४० ताका गोपाल राजवंशावली र मानवन्यायशास्त्र नामक पुस्तक लेख्न लगाएका थिए। जयस्थिति मल्ललाई स्थिति सुधार गर्न सल्लाह दिनेमा कवि मणिक मिश्र हुन्। उनले आफ्ना मन्त्री जयत वर्मालाई सजिलो होस् भनी धर्मशास्त्रको नेवारी अनुवाद गर्न लगाएका थिए (नेपाल, २०५२)। मानव न्यायशास्त्र नामक मूल ग्रन्थको मस्यौदा किर्तिनाथ उपाध्याय, रघुनाथ झा, रामनाथ झा, श्रीनाथ भट्ट, महिनाथ भट्टले गरेका थिए (खनाल, २०५९) ।

मानव न्यायशास्त्रमा जम्मा २१ अध्यायहरू रहेका थिए। तीमध्ये ठुला भागहरू संस्कृतमा लेखिएका थिए र केही भागहरू नेवारी र मैथिली भाषामा थिए। यसको मूल नाम "मानव शास्त्र भृगुप्रोक्ता संहिता हितायम" थियो। अहिले पनि ताडपत्रमा लेखिएका पृष्ठहरू लगभग २५ इन्च लामो र ५ इन्च चौडाइभित्र, अक्षर लगभग २२ इन्च लामो र ३ इन्च चौडा क्षेत्रमा लेखिएको छ। पृष्ठको बीचमा एउटा प्वाल बनाइएको छ, लगभग ११/२x १ इन्चको ठाउँ छोडेर बीचको ताडपत्र सुरक्षित गर्न तल र माथि काठको बाकलहरू प्रयोग गरिएको छ। राष्ट्रिय अभिलेखालयमा रहेको ताडपत्रको तल र माथि काठको बाकलहरू पुरानो देखिन्छन्।

केही वर्षअगाडि मात्र 'नारद संहिता' भनी लेखी टाँस गरिएको जस्तो देखिने देवनागरी लिपिको अक्षरले यो नारद संहिता नै हो कि भन्ने भ्रम सिर्जना गरेको छ। वास्तवमा यो नारद संहिता होइन, यो व्यावहारिक कानुनी मामिलाहरू समावेश गर्ने नेपालको पहिलो मौलिक कानुनी ग्रन्थ हो। राष्ट्रिय

अभिलेखालयमा रहेको ग्रन्थउपर पछि मात्र नारद संहिता लेखी टाँस गरिएपछि मात्र भ्रम सिर्जना भएको हो । मानवन्यायशास्त्रलाई १८०४ मा बनेको नेपोलियन संहिताभन्दा ४२४ वर्ष पुरानो मानिन्छ। यसको प्रमाण अझै पनि नेपालको पुरातत्त्व विभागमा (मैथिली टीकासहित) माइक्रोफिल्म नं. ख. ३३/१५, ख ३३/६ र ख ३४/९ संरक्षित छन्।[2]

यो अत्यन्तै ऐतिहासिक दस्तावेज थियो तर सीमित ज्ञान भएकाहरूका लागि बुझ्न गाह्रो थियो। सजिलो बुझ्नका लागि यसको सरल संस्करण नेवारी भाषामा लेखिएको थियो। राजाका विद्वान् व्यक्ति मणिक मिश्र3, जो आफ्नो गहिरो बुद्धि र दयाका लागि परिचित थिए । उनले नेवारीमा न्यायविकासिनी नामक टीका रचना गरी प्रसिद्धि कमाएका थिए। मणिक मिश्रले स्थितिराज मल्लका नजिकका मन्त्री जयत वर्माका छोरालाई सिकाउन अमरकोषमा नेवारी टीका पनि लेखेका थिए (झा, २०७९) । त्यस्तै गरी मणिक मिश्रद्वारा रचित राघवानन्द नाटक स्थितिराज मल्लका जेठा छोरा धर्म मल्लको व्रतबन्ध समारोहमा प्रस्तुत गरिएको थियो र मणिक मिश्रद्वारा रचित भैरवानन्द नाटक (नेपाल, २०५७) धर्म मल्लको विवाहमा प्रस्तुत गरिएको थियो (Jha, २०२५)। माथि उल्लिखित तथ्यबाट मणिक मिश्र स्थितिराज मल्लको नजिकका व्यक्ति थिए भन्ने कुरा खुल्न आउँछ (पन्त, २०६५) । स्थितिराज मल्लले जयत वर्मामार्फत मणिक मिश्रलाई मानव न्यायशास्त्रको टीका तयार गर्न प्रेरित गरेको हुन सक्ने विभिन्न विद्वानहरूको मत रहेको छ (झा, २०८२) ।

यस कानुनी संहिताको टीकाकार मणिक मिश्रलाई संस्कृत (देवनागरी), नेवारी भाषा (रन्जना लिपि) र मैथिली भाषा (मिथिलाक्षर लिपि) मा राम्रो पकड भएको तथ्य माइक्रोफिल्म नं. ख. ३३/१५, ख ३३/६ र ख ३४/९ ले पुष्टि गर्दछ (वस्ती, २०६३)।

न्यायविकासिनी नामक टीका फाल्गुन ने. स ५०० (१४३६ वि. स) को शुक्ल तृतीया, बिहीबार भक्तपुरमा लेखिएको थियो। पछि यसलाई शाक्य भिक्षु लुन्त भद्र बज्राचार्यले प्रतिलिपि उतार गरेका कारणबाट समाजमा सजिलै लागु भएको थियो।

मानव न्यायशास्त्र, मानव अधिकारको आधारशिलाको हो भन्दा फरक पर्दैन । राजाले कुनै भेदभाव नगरी आफ्नै बाबु, शिक्षक, साथी, आमा, पत्नी, छोरा र राजगुरुलाई पनि अपराधअनुसार सबैलाई समान रूपमा सजायको भागीदार बनाइन्थ्यो। मल्लकालमा कोटिलिङ्ग र इटाचपली दुई केन्द्रीय अदालतहरू थिए, जसमा कोटिलिङ्ग देवानी अदालत थियो र इटाचपली फौजदारी अदालतका रूपमा

2 Archeological Department of Nepal, Tadpatra Registration no. is 15/54.

[3] मणिकको थर "मिश्र" रहेकोमा कतिपय विद्वानको विमति रहेको पाइन्छ तथापि स्थितिराज मल्लका आप्त मन्त्री जयतका छोरालाई पढाउन मणिकले रचेको अमरकोश नेवारी टीकामा उनको नाम मणिक मिश्र भनी उल्लेख रहेको देखिन्छ। यसै गरी मणिकले बनाएको राघवानन्द नाटकमा पनि उनको थर मिश्र उल्लेख रहेको देखिन्छ ।

रहेका थिए। विवादास्पद तथा मानव समूहसँग सम्बद्ध रहेका मुद्दाहरू केवल मन्त्रीहरू र राजाहरू संयुक्त रूपमा राजगुरु तथा राजपुरोहितको सहयोगमा न्याय निरूपण गर्ने गर्दथे (झा, २०७९) ।

वर्तमान मानव अधिकारको जगका रूपमा मल्लकालको न्याय व्यवस्थालाई मान्न सकिन्छ । न्यायको पहिलो निकाय **ग्रामपञ्चायतका** पञ्चहरूले निर्णय गर्दथे। सो फैसला चित्त नबुझे **अदालत**द्वारा निर्णय, फैसला गराइन्थ्यो । सोबाट पनि उचित न्याय नपाए **विशेष अदालत**द्वारा फैसला गरिन्थ्यो । मल्लकालमा आएर अभियुक्तको बयान गराउँदा र न्यायधीशले फैसला गर्दा सपथ खाएर गर्ने/गराउने प्रचलन रहेको थियो। साना अपराधहरूमा आर्थिक दण्ड र ठुला अपराधहरूमा मृत्युदण्ड दिइन्थ्यो ।

मानव न्यायशास्त्र नेपालको मानव अधिकारको मूल जग हो । यसले पहिलो पटक नेपालमा स्वच्छ फौजदारी न्यायको एकीकृत प्रणाली स्थापना गर्न ठुलो योगदान पुर्याएको छ । राजा जयस्थिति मल्लले विविधतामा एकता कायम गरी बढ्दो अराजकतालाई अन्त्य गर्न यो कानुनी संहिता जारी गरेका थिए। अत : यो नेपालको पहिलो संहिताबद्ध कानुनको साथै मानव अधिकारको आधारभूत जग थियो, जुन वि.सं. १४३६ /१३८० ई. सेरोफेरोमा लागू गरिएको थियो। राजा जयस्थिति मल्लका उत्तराधिकारीहरूमध्ये प्रताप मल्लले, संहिताका धेरै खण्डहरू प्रस्तुत र विस्तार गरेका थिए। पछि यस कानुनमा राजा सिद्धि नरसिंह मल्लले थप सामाजिक-कानुनी परिमार्जनहरू गरेका थिए (झा, २०८२) । वि.सं. १६५७ ताका वि.सं. १४३६ सालको न्यायविकासिनीसँग सम्बन्धित केही ग्रन्थहरू भेटिएका छन्। यसबाट जारी भएको २०० वर्षपछि सम्म न्यायविकासिनीको परम्परा समाजमा लागु रहेको प्रष्ट संकेत मिल्दछ। यसरी नेपालको मानव अधिकारसम्बन्धी इतिहासमा न्यायविकासिनीको विशेष महत्त्व रहेको स्पष्ट हुन्छ।[4]

[4] While writing this article Nepal-German Manuscript Preservation Project microfilm number A 1160/6) (National Archive 1231) has been used as the reference authority. Since the first 10 Pages of it are missing, that part has been completed from the book dated N.S. 631 (BS. 1567) (Kesar Pustakalaya No. 369, microfilm number C 40/2). In other places where it is broken, a later copy of the book dated N.S. 672 (BS. 1608) (Kesar *Pustakalaya* No. 62, microfilm number C 5/2) has been used (National Archives Pancham 7345, microfilm number B 415/20) and N.S. 721 (BS 1657) has been completed from the book' (National Archive 1247, microfilm number B 431/4).

## ४. मानवन्यायशास्त्रको विभिन्न प्रकरणमा रहेको मानव अधिकारसम्बन्धी व्यवस्था बारेको सङ्क्षिप्त व्याख्या

राष्ट्रिय अभिलेखालयमा रहेको न्यायविकासिनी वि.सं. २०४४ सालमा शान्त हर्ष बज्राचार्यद्वारा प्रकाशनमा ल्याइएको थियो। यसको नेपाली अनुवाद वि.सं. २०४६-२०४९ मा डा. देवराज पौडेलद्वारा प्रकाशनमा ल्याइएको थियो। मानव न्यायशास्त्रको विभिन्न प्रकरणमा रहेको मानव अधिकारसम्बन्धी व्यवस्था बारेको सङ्क्षिप्त व्याख्या यस प्रकार रहेको छ।

***मौलिक मानव अधिकारसम्बन्धी अवधारणाका महत्त्वपूर्ण अव्यवहरू***

### ऋत र धर्म

जय स्थिति मल्लको शासनकालमा नेपाली समाजमा मानव आचरणलाई सञ्चालन गर्ने मूल सिद्धान्त "ऋत" र "धर्म" रहेको थियो। ऋतलाई प्राकृतिक नियम वा सार्वभौमिक सत्यका रूपमा लिइन्थ्यो, जसले न्याय, समानता र सन्तुलनलाई सुनिश्चित गरेको थियो। धर्मलाई सामाजिक आचरण र कर्तव्यका रूपमा बुझ्ने गरिन्थ्यो, जसले सबैलाई कर्तव्यसँगै अधिकारको भाव पनि प्रदान गर्दथ्यो।

### धर्म र कर्तव्यको सन्दर्भमा अधिकार

मानव न्यायशास्त्रमा 'धर्म' भन्ने शब्दले अधिकार र कर्तव्य दुवैलाई बोध गराउँदथ्यो। धर्मको अर्थ समाजमा न्याय, सदाचार, सत्य, अहिंसा, करुणा, आदि मान्यताहरूलाई पालन गर्नु/गराउनु थियो। यसबाट हरेक मानिसले समान व्यवहार पाउने र अन्यायबाट जोगिने आधार खडा हुन्थ्यो। यसबाट हरेक व्यक्तिले समान व्यवहार पाउने र अन्यायबाट जोगिने कुराको सुनिश्चितता समेत हुन्थ्यो।

### जीवन र अस्तित्वको अधिकार

वेदमा *'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः'* (सबै सुखी होऊन्, सबै रोगमुक्त होऊन) भन्ने भाव प्रकट भएको पाइन्छ। मानव न्यायशास्त्रमा समेत यो विचार प्रतिबिम्बित रहेको पाइन्छ। यसले प्रत्येक व्यक्तिको जीवन र अस्तित्वलाई महत्त्व दिएको देखिन्छ।

### समानता र भातृत्व

मानव न्यायशास्त्रमा सबै मानवलाई एउटै आकाश, पृथ्वी र प्रकृतिले पोषण गर्ने कुरा उल्लेख गरिएको छ। यसले जाति, वर्ग वा लिङ्गका आधारमा भेदभाव नगरी समानताको भाव प्रकट गर्दछ।

### स्वतन्त्रता र विचारको अधिकार

वैदिककालमा मन्त्र चिन्तन, ऋषि-मुनिका संवाद, प्रश्न-उत्तर गरिने शास्त्रार्थ परम्परा आदि अभ्यासहरूलाई मल्लकालमा पनि प्रश्रय दिइएको थियो। मानव न्यायशास्त्रले समेत मानवलाई

विचार र अभिव्यक्तिको स्वतन्त्रताको सुनिश्चितता गरेको थियो। वेद तथा उपनिषदहरूमा समेत आत्मज्ञान र सत्यको खोजीलाई सर्वोच्च अधिकारका रूपमा विवेचना गरिएको पाइन्छ।

## अहिंसा र करुणा

वैदिक दर्शनको महत्त्वपूर्ण आदर्श अहिंसा (हिंसा नगर्नु) लाई मानव न्यायशास्त्रले समेत आत्मसात गरेको बुझ्न कठिन छैन। मानव न्यायशास्त्रमा हिंसालाई पाँच जघन्य अपराध पञ्चखतमध्येको एक मानेको थियो। अहिंसा मानव अधिकारको रक्षा र सम्मानको आधार स्तम्भ हो। अरूलाई पीडा नदिने कार्यले सामाजिक मानव अधिकारको संरक्षणमा ठुलो सहयोग पुर्याउँछ।

## शान्ति र हिंसाबाट मुक्ति

मानव न्यायशास्त्रले अहिंसा, सहिष्णुता र परस्पर सद्भावलाई जोड दिएको प्रतीत हुन्छ। "*अहिंसा परमो धर्मः*" भन्ने मौलिक अवधारणा नेपाली समाजमा आदिकालदेखि नै प्रचलनमा रहेको पाइन्छ। यसर्थ शान्ति र अहिंसाको मूल बीज नेपाली समाजमा रहेको तथ्यलाई नकार्न सकिँदैन।

## प्रकृतिक र प्राकृतिक अधिकार

मानव न्यायशास्त्रमा दण्ड र सजायस्वरूप दिव्य परीक्षामा प्राकृतिक साधन प्रयोगको साथै निर्दोष र दोषी छुट्याउने महत्त्वपूर्ण आधारका रूपमा विभिन्न अध्यायहरूमा जल, वायु, अग्नि आदि बारे उल्लेख हुनुका साथै प्राकृतिक साधन सबैको साझा सम्पत्ति भएको र सबैले उपयोग गर्ने अधिकार विभिन्न कोणबाट प्रस्तुत भएको पाइन्छ। यसले मानवमात्र नभई सम्पूर्ण प्राणी जगत् र प्रकृतिको अधिकारलाई स्वीकार गरेको देखिन्छ। वैदिक ऋषिहरूले पनि जीवन, जल, वायु, प्रकाश, भूमि आदि सबैलाई साझा सम्पत्ति मान्दथे। यजुर्वेदका अनुसार सबै जीव प्राणीहरूले जल र वायुमा समान अधिकार राख्दछन्।

## स्त्री र पुरुषबीचको समानता

मानव न्यायशास्त्रमा स्त्रीपुरुषयोग नामक प्रकरणमा पुरुष-महिला सम्बन्धबारे उल्लेख भएको पाइन्छ। पुरुष र महिलाका लागि विवाहका नियमहरूलाई स्त्रीपुरुष योग (पुरुष र महिलाबीचको सम्बन्ध) भनिन्छ। महिला र पुरुषको सम्बन्ध हुनुभन्दा पहिले, पारस्परिक वरण (एकअर्कालाई स्वीकार गर्ने) को नियमसँग सम्बन्धित छ। यसर्थ पुरुषले महिलालाई र महिलाले पुरुषलाई स्वीकार गर्नुपर्छ। विवाहसम्बन्धी कानुनी नियमहरूअनुसार, आफ्नै वर्णमा विवाह गर्नु उचित मानिन्छ। विवाहयोग्य हुन पुरुषत्व आवश्यक छ। सन्तान नभए उपचार गराउन सकिन्छ। झूटो विवाह गरे अर्को विवाह गर्न सकिन्छ तर यस्तो विवाह दण्डनीय हुन्छ। विवाहमा परिवारको महत्त्वपूर्ण भूमिका रहन्छ। अभिभावक नभएकी केटीको विवाह राजा वा राज्यले गराउन सक्छ।

विवाहपछि पति लामो समयसम्म नफर्किएमा पत्नीलाई अर्को विवाह गर्ने अनुमति हुन सक्छ। विवाह विभिन्न तरिकाले हुन सक्छ र समाजमा चलनको महत्त्व हुन्छ। विवाह गर्न सहमति जनाएपछि पछि नमान्नाले दण्ड पाइन्छ। विवाहसँग जोडिएका दोष, परपुरुष वा परस्त्रीसँगको सम्बन्ध, यौन अपराध, सन्तान र सन्तान नभएर अपनाइने उपायहरूका बारेमा पनि उल्लेख छ। यसको अलावा स्त्रीहरूको विद्वता र धार्मिक अधिकार बारे उल्लेख भएको पाइन्छ।

वैदिककालमा पनि गार्गी, मैत्रेयी आदि महिलाहरू वेदको मीमांसा तथा दार्शनिक बहसमा सहभागी भएको तथ्य प्रामाणिक रूपमा देख्न सकिन्छ। नारी शिक्षा तात्कालीन समयमा अत्यन्तै उन्नत अवस्थामा रहेको थियो । ऋग्वेदमा दश हजार पाँच सय अस्सी मन्त्रहरूमध्ये दुई सय मन्त्रहरूको टीका दर्शन ऋषिकाहरूले गरेकी थिइन् । महिलाहरू ब्रह्मचर्य व्रतको पालन गरेर सबै प्रकारको विषयमा अध्ययन गर्ने गर्दथे। पुरुषहरू र महिलाहरूको अध्ययन क्षेत्र प्रायः समान किसिमको हुने गर्दथ्यो। यसले मानव अधिकारको रोहमा लैङ्गिक समानताको प्रारम्भिक स्वरूप देखाउँछ।

यस प्रकार मल्लकाल र खास गरेर जयस्थित मल्लको शासनकालमा मानव अधिकारका महत्त्वपूर्ण तत्त्वहरूलाई धर्म, नैतिकता र सामाजिक न्यायको रोहमा विवेचना गरिएको थियो। आधुनिक अर्थमा जस्तो मानव अधिकार" शब्द प्रयोग नभए पनि मल्लकालीन मानव न्यायशास्त्रमा व्यक्ति स्वतन्त्रता, समानता, धर्मपालन र न्यायको आधारभूत मान्यताको रूपमा उल्लेख भएको पाइन्छ ।

### *मौलिक मानव अधिकारका महत्त्वपूर्ण तत्त्वहरू*

#### जीवन र अस्तित्वको अधिकार (Right to Life)

मानव न्यायशास्त्रको विभिन्न प्रकरणहरूमा जीवको संरक्षण र अहिंसाको सिद्धान्तमा जोड दिइएको छ। जीवनलाई परममूल्य मानिएको छ र हिंसा निषेध गरिएको छ।

#### समानताको सिद्धान्त (Principle of Equality)

मानव न्यायशास्त्रले मानवलाई "ऋत" (सार्वभौम नियम/न्याय) अन्तर्गत समान दृष्टि स्वरूप राखेको पाइन्छ। पुरुषसूक्तले सम्पूर्ण मानवलाई एउटै "पुरुष" (विश्वात्मा) बाट उत्पन्न भएको व्याख्या गरेको अनुभूत गर्न सकिन्छ।पश्चिमाहरूद्वारा दुष्प्रचार गरिएजस्तो जातीय छुवाछुत नेपालमा कहिल्यै थिएन र छैन। बरु तत्कालीन पश्चिमी राष्ट्रहरूमा छुवाछुत, सामाजिक विभेद, जातीय विभेद र मानवलाई पनि पाशुवत व्यवहार गरिने गरेको दृष्टान्त आजपर्यन्त पढ्न सकिन्छ। जस्तो- युरोपियन केही मुलुकहरूमा इ.स १९५० को दशकसम्म दास/ दासी बनाउने र उनीहरूलाई सिक्रीमा बाँध्नेजस्ता निर्मम र क्रूर अभ्यास कायम रहेको थियो। त्यस्तै फ्रान्समा क्यागट जातीलाई प्रार्थना पश्चात् प्रसाद स्वरूप बाँडिने Bread पनि परैबाट लट्ठी वा बाँसमा झुण्ड्याएर दिइन्थ्यो। त्यस्तै

बेलायतमा शौच उठाउने र सफा गर्ने व्यक्तिहरू दिउँसो शहरमा प्रवेश गर्न प्रतिबन्ध थियो उनीहरू रातीमात्र शहरमा शौच उठाउने कार्यका लागि शहरभित्र पस्न पाउँथे । यस्ता नृशंश र क्रूरतापूर्ण एवं बर्बरतापूर्ण समाजका पात्रहरूले वर्ण र कर्म आधारित पारस्परिक परम्परालाई जातीय छुवाछुतको नाम दिंदा पनि मुलुक हाक्ने जिम्मेवार तहले उनीहरूकै कुरामा होस्टे र हैंसे गरेको देख्दा आश्चर्यजनक लाग्छ। नेपाली मौलिक धर्मग्रन्थ र शास्त्रहरू श्रुति र स्मृतिका आधारमा लेखिने गरेको कारण केही अपव्याख्या भएको र तत्कालीन समाजका अगुवाहरूको स्वार्थका कारण वर्ण र कर्मका आधारमा रहेको व्यवस्था विषाक्त बनेको सत्य हो । यसका लागि समाजमा पुनर्जागरण आवश्यक छ ।

**स्वतन्त्रता र विचारको अधिकार (Freedom & Liberty)**

मानवन्यायशास्त्रले स्वतन्त्र चिन्तन, ज्ञान र सत्य खोज्न प्रोत्साहन दिएको छ। प्रश्न गर्ने, सत्य बुझ्ने र धर्म (कर्तव्य) अनुसरण गर्ने स्वतन्त्रता प्रदान गरिएको छ।

**धार्मिक तथा नैतिक स्वतन्त्रता (Religious & Moral Freedom)**

मानवन्यायशास्त्रले प्रत्येक व्यक्तिलाई आफ्नो कर्म र धर्म अनुसार जीवनयापन गर्ने अधिकारको सुनिश्चितता गरेको छ। "धर्म" लाई मानव जीवनको मूल आधार मानिएको छ । मानवन्यायशास्त्रले अधिकारसँगै कर्तव्यलाई पनि जोड दिएको छ।

**न्यायको अधिकार (Right to Justice)**

मल्लकालीन समाज र खासगरी जयस्थित मल्लको शासनकालमा सभा र समिति जस्ता संस्थाहरूबाट न्याय दिने परम्परा कायम रहेको थियो। सत्य र न्यायलाई ईश्वरको स्वरूपमा स्वीकार गरिएको थियो।

**श्रम र जीविकाको अधिकार (Right to Livelihood)**

मानव न्यायशास्त्रमा प्रत्येकलाई व्यक्तिलाई आफ्नो श्रमअनुसार, जीवन निर्वाह गर्ने अधिकार र अवसर थियो। वैदिक शास्त्र, भगवत गीतामा समेत *"कर्मण्येवाधिकारस्ते"* मा कर्तव्य पालनलाई अधिकारसँग जोडिएको छ।

**शान्ति र सौहार्दमा बाँच्ने अधिकार (Right to Peaceful Co-existence)**

वेदले निर्दिष्ट गरेको,

*सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः,*
*सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत्।*

अर्थात् सबै सुखी होऊन्, सबै रोगमुक्त रहून्, सबै मनुष्य मङ्गलकार्यको साक्षी बनून्, रिस राग त्याग गरून्, कसैलाई पनि दुःख नहोस् । यस वैदिक मन्त्रले सबैको सुख, शान्ति र कल्याणलाई बोध गराउँछ। यस प्राचीन तथा मौलिक सनातनी दर्शनलाई मानवन्यायशास्त्रले समेत अङ्गिकार गरेको छ। मानवन्यायशास्त्र सार्वभौमिक भाइचारा र सहअस्तित्वमा आधारित रहेको थियो।

**शिक्षा र ज्ञान प्राप्तिको अधिकार (Right to Knowledge and Education)**

मल्लकालीन शिक्षा-व्यवस्था केवल जीविकोपार्जन र राज्य-प्रशासनको अधीनमा मात्र थिएन। यो त नैतिक मूल्य मान्यता र सामाजिकता धारण गर्न योग्य बन्न हेतु आचार्य कुलको अधीनमा हुने गर्दथ्यो। तत्कालीन शिक्षाको क्षेत्र अति नै व्यापक हुने गर्दथ्यो। अध्ययनका सबै विषय समावेश गरिएको हुन्थ्यो। शिक्षाले जीवनलाई समग्रता प्रदान गर्दथ्यो। तत्कालीन समयमा लौकिक-अलौकिक सबै विषयमा शिक्षा दिइने परम्परा थियो।

**तैत्तिरीयोपनिषत्मा,**

*सत्यं वद । धर्मं चर । स्वाध्यायात् मा प्रमदः ॥ - तैत्तिरीयोपनिषत् १-११*

भन्ने उपदेशले शिक्षा, ज्ञान र नैतिक अनुशासनको महत्त्व देखाउँछ। वेद अध्ययनलाई सबैका लागि आवश्यक मानिएको छ यद्यपि व्यवहारमा जातीय सीमाहरू पछि मात्र आएका हुन् ।

**५. मानव अधिकार व्याख्यासम्बन्धी सिद्धान्त**

मानव अधिकारको प्रकृति र अर्थको व्याख्यासँग सम्बन्धित दुई मुख्य विचारहरू छन्ः

५.१ दार्शनिक दृष्टिकोण र

५.२ उपयोगितावादी दृष्टिकोण

***५.१ मानव अधिकारको व्याख्याको दृष्टिकोणबाट मुख्य दार्शनिक सिद्धान्तहरू यस प्रकार छन्ः***

**प्राकृतिक अधिकारको सिद्धान्त**

मानव अधिकारको अवधारणा परम्परागत प्राकृतिक कानुनका सिद्धान्तहरूसँग अत्यन्तै निकट रहेको पाइन्छ। १७ औं शताब्दीका वैज्ञानिक र बौद्धिक उपलब्धिहरू, थोमस हब्सको भौतिकवाद, रेने डेस्काउको तर्कवाद, फ्रान्सिस बेकन र जोन लकको अनुभववाद र स्पिनोजाको विचारहरूले प्राकृतिक कानुन र विश्वव्यापी व्यवस्थामा मानव अधिकारप्रति उच्च सम्मान दर्शाएको बुझ्न सकिन्छ। यस सन्दर्भमा, जोन लकको चिन्तन र अठारौं शताब्दीका दार्शनिकहरू मोन्टेस्क्यु भोल्टेयर र जीन ज्याक रुसोका कामहरू विशेष रूपमा उल्लेखनीय मानिन्छन्।

१६८८ ईस्वीको क्रान्तिसँग सम्बन्धित आफ्ना विचारहरूमार्फत, जोन लकले मानवलाई मानव भएको कारण उपलब्ध अधिकार नै मानव अधिकार हुन् । जीवनको अधिकार, स्वतन्त्रताको अधिकार र सम्पत्तिको अधिकारहरू हुन्। सबै मानवहरू स्वाभाविक रूपमा समान हुन्छन्। यो आधारभूत भावना प्राकृतिक अधिकारको सिद्धान्तमा निहित रहेको छ ।

**कानुनी अधिकारको सिद्धान्त**

जेरेमी बेन्थमले प्राकृतिक अधिकार सिद्धान्तको आलोचना गरे र यसलाई तर्कहीन भनेका थिए । कानुनी अधिकार सिद्धान्तका समर्थकहरूका अनुसार, यो अधिकार राज्यको सिर्जना हो। त्यसैले यी अधिकार न त निरपेक्ष छन्, न त मानव प्रकृतिमा अन्तर्निहित नै ।

**ऐतिहासिक सिद्धान्त**

ऐतिहासिक सिद्धान्त अनुसार, मानव अधिकार ऐतिहासिक प्रक्रियाको रचना हो। चिरकालीन समयानुक्रममा यो अधिकारको स्वरूप ग्रहण गरेको मात्र हो। चिरकालीन अधिकारको उदाहरण स्वरूप, स्वच्छ वातारणमा बाँच्न पाउने हक, बाटोघाटोको अधिकार आदि हुन्।

**लोककल्याणकारी अधिकारको सिद्धान्त**

लोककल्याणकारी अधिकारको सिद्धान्तलाई सामाजिक उपयुक्तताको सिद्धान्त पनि भनिन्छ। यस सिद्धान्तका समर्थकहरूका अनुसार, यी सबै अधिकारहरू, कानुन, प्रथा र प्राकृतिक, सामाजिक उपयुक्ततामा निर्भर हुन्छन् । उदाहरणका लागि अभिव्यक्ति स्वतन्त्रताको अधिकार निरपेक्ष छैन तर सामाजिक उपयुक्तताको अपेक्षा अनुसार नियमन गरिएको हुन्छ। सामाजिक न्यायशास्त्रका प्रणेता रोस्को पाउन्ड यसका समर्थक हुन्। लोककल्याणकारी अधिकारको सिद्धान्तले मानव अधिकारको विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेको प्रतीत हुन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा र त्यसपछि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा प्रचूरमात्रामा आर्थिक र सामाजिक अधिकारहरू समावेश गरिएको पाइन्छ।

**आदर्शवादी मानव अधिकारको सिद्धान्त**

आदर्शवादी मानव अधिकारको सिद्धान्तलाई व्यक्तित्त्ववादी सिद्धान्त पनि भनिन्छ।यो सिद्धान्तले व्यक्तिको आन्तरिक विकास, पूर्ण आन्तरिक शक्तिको विकासमा जोड दिन्छ। यसले व्यक्तित्व विकासको अधिकारलाई सर्वोच्च र निरपेक्ष मान्दछ । उदाहरणका लागि, जीवनको अधिकार, स्वतन्त्रताको अधिकार, सम्पत्तिको अधिकार आदि। यी सबै अधिकारहरू व्यक्तित्व विकासको मौलिक अधिकारबाट लिइएका हुन् र सम्बन्धित छन्। उदाहरणका लागि जीवनको अधिकार केवल त्यति हदसम्म मात्र हो, जति हदसम्म यो व्यक्तिको आन्तरिक शक्तिको विकासका लागि आवश्यक

छ। यस दृष्टिकोणबाट, समाजले कसैको जीवन समाप्त गर्ने वा आत्महत्या गर्ने अनुमति दिन सक्दैन।

***५.२ मानव अधिकारको व्याख्याको दृष्टिकोणबाट मुख्य उपयोगितावादी सिद्धान्तहरू यस प्रकार छन्:***

यो सिद्धान्तले मानव अधिकारलाई परिभाषित गर्नुको साटो मानव अधिकारको स्वीकार्य सूचीलाई महत्त्व दिन्छ। यस सिद्धान्तअनुसार, मानव अधिकारको अर्थ मानव अधिकारको स्वीकार्य सूचीबाट लिनुपर्छ भन्ने हो । उदाहरणका लागि नेपालको संविधान, २०७२ को भाग ३ मा मौलिक हक र कर्तव्य शीर्षकअन्तर्गत मौलिक अधिकारको कुनै परिभाषा दिइएको छैन तर मौलिक अधिकारको सूची दिइएको छ। यस सूचीबाट, मौलिक अधिकारहरू राज्यको शक्तिमा निहित रहेको र राज्यले यस सम्बन्धमा दिइएको दिशानिर्देशहरू पालना गर्न बाध्य हुनुपर्दछ भन्ने प्रष्ट हुन्छ।

त्यस्तै गरी संयुक्त राष्ट्रसङ्घको बडापत्रमा निर्दिष्ट *'मानव अधिकार र पूर्ण स्वतन्त्रता'* भन्नाले मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा दिइएको मानव अधिकारको सूचीलाई जनाउँछ। वास्तवमा, मानव अधिकारसँग सम्बन्धित यी सबै सिद्धान्तहरूका आफ्नै सीमितताहरू छन्। तीमध्ये कुनै पनि पूर्ण छैन तर सबैको आफ्नै उपयोगिता छ। नेपालको संविधानको प्रस्तावनाअनुसार, नेपाल " *सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था"* अबलम्बन गरेको मुलुक हो। प्रस्तावना " *हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता; नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै* " भन्ने शब्दहरूबाट सुरु हुन्छ। प्रस्तावनामा *जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहेको* अवधारणालाई निकै महत्त्व दिइएको छ।

नेपालको सर्वोच्च अदालतले समेत विभिन्न फैसलाहरूमार्फत् लोकतन्त्र र मानव अधिकारलाई आधारभूत संरचनाको रूपमा व्याख्या गरेको पाइन्छ ।

नेपालको संविधानअन्तर्गत मानव अधिकारको अवधारणा बुझ्न हेतु प्रस्तावनासहित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई हेर्नुपर्छ, जुन वास्तवमा नेपालको संविधानको मुख्य उद्देश्य र लक्ष्यहरू हुन्। प्रस्तावनाले संविधानसभा सदस्यहरूको उच्च उद्देश्य र उच्च महत्वाकांक्षी सोचलाई

प्रतिबिम्बित गर्दछ। प्रस्तावनाका शब्दहरूमा जनताको आशा र आकांक्षाहरू समावेश छन् र संविधानको सामाजिक, आर्थिक र राजनीतिक दर्शनसमेत समाहित भएको पाइन्छ।

## ६. मानव अधिकारको वर्गीकरण

मानव अधिकारलाई तीन कोटीमा वर्गीकृत गरिएको पाइन्छः

१. पहिलो पुस्ताको मानव अधिकार,

२. दोस्रो पुस्ताको मानव अधिकार र

३. तेस्रो पुस्ताको मानव अधिकार।

पहिलो पुस्ताको अधिकारले लामो समयदेखि स्थापित मूल्यहरूलाई जनाउँछ। यी अधिकारहरू मूलतः नेपालको संविधानको भाग ३ मा समावेश छन्। दोस्रो पुस्ताको अधिकारमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा समावेश गरिएका विभिन्न अधिकारहरू समावेश छन् । तेस्रो पुस्ताको अधिकारमा सामूहिक अधिकारहरू सुनिश्चिततामा जोड दिने प्रकृतिका हुन्छन् ।

**विश्लेषण**

विश्वको पहिलो संहिताबद्ध तथा नेपालको मौलिक कानुन मानव न्यायशास्त्रको विभिन्न प्रकरणहरूमा मानव अधिकारसँग सम्बन्धित मौलिक मूल्य र मान्यता अन्तर्निहित रहेको पाइन्छ (Manav naya shastra, 1436) । प्राचीनतम् ग्रन्थ ऋग्वेदमा पनि मानव, मानवाधिकार तथा मानव जीवनको सफलताको दिशाबोध, नैतिक निर्देशन यथेष्ट मात्रामा पाइन्छ।

मल्लकालीन नेपाली समाज नैतिक गुणबाट विभूषित, सर्वहितचिन्तक, शुभसङ्कल्प सम्पन्न, सन्तुष्ट, परार्थ चिन्तनरत तथा मानवाधिकारको रक्षकका रूपमा रहेको पाइन्छ । मल्लकालीन समाजमा प्रायः सबै निश्चलभावबाट कर्त्तव्यपरायण हुने गर्दथे। अतः नेपाली समाजमा कर्तव्यको साथ साथै अधिकारको रक्षा स्वाभाविक रूपमा हुने गर्दथ्यो। आधुनिक मानवाधिकारको अवधारणा पश्चिमा शक्तिको देन भए पनि, समानता, सहयोग र सहकारिताको सिद्धान्तको प्रेरणा नेपालका मौलिक शास्त्रहरू हुन् ।

## ७. निष्कर्ष

मल्लकालमा मानव अधिकारहरू स्पष्ट रूपमा कानुनी दस्तावेजमा उल्लिखित थिएनन् तर समानता, स्वतन्त्रता, करुणा, न्याय, अहिंसा र नैतिकताको माध्यमबाट वैदिक पृष्ठभूमिका विद्वानहरूले मानव अधिकारको मौलिक धारणा स्थापित गरेका थिए। मानव न्यायशास्त्रका कतिपय मौलिक अवधारणाहरू मुलुकी ऐन र मुलुकी अपराध संहितामार्फत् विस्तार हुँदै आएका छन्।

मल्लकालीन मानव अधिकार आधुनिक अर्थमा परिभाषित अधिकारभन्दा पृथक शैली अर्थात् बढी कर्तव्यमा आधारित अधिकार रहेका थिए। धर्म र ऋतको अनुशासनभित्र सबै मानिसको समानता, जीवन, स्वतन्त्रता, विचार, शान्ति र प्राकृतिक स्रोतमा पहुँचलाई महत्त्व दिइएको थियो। यस प्रकार मानव न्यायशास्त्रलाई मानव अधिकारसम्बन्धी मौलिक कानुन तथा नेपालको न्याय तथा कानुन प्रणालीको आधारस्तम्भ मान्न सकिन्छ।

ने. सं. ५२७ (वि.सं. १४६४) मा अनुवाद गरिएको नेवारी टीकासहितको मानवन्यायशास्त्र क्याम्ब्रिज विश्वविद्यालयमा छ। नेपाल सम्वत् ८२० (वि.सं. १७५६) मा अनुवाद गरिएको नेवारी टीकासहितको मानवन्यायशास्त्र हाल ब्रिटिश सङ्ग्रहालयमा छ। यी मानवन्यायशास्त्रहरूलाई नारद स्मृति भनिए पनि खासमा मानवन्यायशास्त्रकै अन्य भागहरू हुन्। यी ग्रन्थहरू क्याम्ब्रिज विश्वविद्यालय र ब्रिटिश सङ्ग्रहालयबाट फिर्ता ल्याउन सरकार तथा राष्ट्रिय मानव अधिकार आयोगले आवश्यक समन्वय तथा पहल गर्न ढिला भइसकेको छ।

## सन्दर्भ—सामग्रीहरू


खनाल, मोहनप्रसाद (वि.सं. २०३१). *दोलखाको इतिहास.* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर काठमाडौं।

खनाल, मोहनप्रसाद (वि.सं. २०४०). *चाँगुनारायणका ऐतिहासिक सामग्री.* त्रिभुवन-विश्वविद्यालय नेपाल र एशियाली अनुसन्धान केन्द्र, काठमाडौं ।

खनाल, रेवतीरमण (वि.सं. २०५९). *नेपालको कानुनी इतिहासको रुपरेखा.* पृष्ठ ४२-४३ ।

खनाल, विशाल (वि.सं. २०५०). *नेपालको न्याय प्रशासन एतिहासिक सिंहावलोकन* (दोश्रो संस्करण). पृष्ठ ८, भृकुटी एकेडेमिक पब्लिकेशन ।

झा, रोशनकुमार (वि.सं. २०७९). गुमनाम रहेको नेपालमण्डल र मिथिलाबीचको एतिहासिक सम्बन्ध. *भर्डिक्ट त्रैमासिक, वर्ष ७ (२३),* पृष्ठ ६०, लयर्स फोरम, नेपाल ।

झा, रोशनकुमार (वि.सं. २०७९) . नेपालको विधिशास्त्रको विकासमा धर्मशास्त्रको प्रभाव : एक सिंहावलोकन. *प्रतिपादन* (विज्ञ समीक्षित अनुसन्धानमूलक कानून पत्रिका), *वर्ष* ९( *१*), पृष्ठ ३३५, राष्ट्रिय न्यायिक प्रतिष्ठान,नेपाल।

झा, रोशनकुमार (वि.सं. २०८२). *नेपालमण्डलसँग जोडिएको सिम्रौनगढको इतिहास.* पृष्ठ ४६५-५२६, पैरवी बुक हाउस, ।

दाहाल, पेशल (वि.सं. २०५६). *नेपालको इतिहास र संस्कृति.* पृष्ठ ६८, काठमाडौं : एम.के. पब्लिर्सस एण्ड डिष्टिब्युसर्स, भोटाहिटी प्रकाशन ।

नेपाल, ज्ञानमणि (वि.सं. २०५२). न्यायविकासिनी (मानवन्यायशास्त्र) का रचनाकार को हुन् ? *गरिमा, १५८ पूर्णाङ्किका,* पृष्ठ १०-१३, साझा प्रकाशन, ललितपुर ।

नेपाल, ज्ञानमणि (वि.सं. २०५७). *कवि मणिक विरचितम् भैरवानन्दनाटकम्* (कवि मणिकले बनाएको भैरवानन्दनाटक). महेन्द-संस्कृत-विश्वविद्यालय, दाङ ।

पन्त, दिनेशराज (वि.सं. २०६५). *न्यायविकासिनी* [वक्तब्य], कानून व्यवसायी क्लव, काठमाडौं ।

रेग्मी, डिल्लीरमण (वि.सं. २०२३). *मेडीभल नेपाल (मध्यकालको नेपाल)* भाग १. फर्मा के.एल. मुखोपाध्याय कलकत्ता ।

वज्राचार्य, धनवज्र (वि.सं. २०३०). *लिच्छविकालका अभिलेख.* पृष्ठ ५६४, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर काठमाडौं, ।

Chemjong, I.S. (2003). *History and Culture of Kirat People*. p. 51-52, Kirat Yakthung Chumlung

Dhungel, S.P et.al. (1998). *Commentary on the Nepali Constitution*.p.23, Del F.

Jha, R.K. (2025). *The Renaissance of Nepali Legal Philosophy*. Pairavi Book House, p. 1-41

Jha, R.K.(n.d.). *The influence of dharmashastra on the development of Jurisprudence.*

Laws made by King Sthitiraj Malla in Bikram Era (1436) [Nepal Era 500]. *Nyayavikasini (Manav naya shastra)*. http://www.lawcommission.gov.np/documents/2015/ 08/.

Sangraula, Y. (2010). History of Nepali Criminal Justice System. *Nepal Bar Council Law Journal, 5*.

Shah, R.K.(1990). *Modern Nepal: A political History*. p. 253, Manohal Publication.

Sharma, N.P. (2016). *Rudiments of Constitutional Law*. p.40-41, Lumbini Prakashan.

Sinha, C.P.N. (1979). *Mithila under the Karnatas, C.1097-1325 A.D*. Janaki Prakashan

Vaidya, T.R. (1994). *Advanced History of Nepal*. Anmol Publications.